# विज्ञप्ति

कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा जनजीविकाको लागि कृषि क्षेत्रमा प्रत्यक्ष परोक्ष रुपमा संलग्न रहेको सन्दर्भमा यस क्षेत्रको विकासका नीम्ती नेपाल सरकारले अगाडी सारिएका नीति तथा कार्यक्रमहरु कृषि क्षेत्र र समग्र कृषक वर्गको हितका निम्ती पर्याप्त हुन सकेको छैन । कृषि क्षेत्रबाट दिनानुदिन उत्पादनशील जनशक्ति पलायन भईरहेको छ भने ग्रामीण अर्थतन्त्रको मुख्य आधार कृषि क्षेत्र धराशायी बन्दै गईरहेको छ।एकातर्फ उत्पादनको अथाह सम्भावनाहरु भएतापनि कृषि उपजहरुको आयात दिनानुदिन बढिरहेको अवस्था छ भने अर्कोतर्फ स्वदेशमा नै उत्पादित वस्तुहरुको बजार व्यवस्थापन पनि प्रभावकारी रुपमा हुन सकिरहेको छैन। परम्परागत उत्पादन प्रणालि छिन्नभिन्न भएको छ भने आधुनिक उत्पादन प्रणालि मुलभूत रुपमा मुल प्रवाहिकरण हुन सकिरहेको छैन। युवाशक्तिको पलायन, विश्व वजारमा प्रतिष्पर्धात्मक उत्पादन प्रणालीको अवलम्बनको कठिनाई एवम् बढ्दै गईरहेको परनिर्भरताजस्ता कारणहरुले गर्दा नेपालको कृषि तथा पशुपन्छी क्षेत्र चुनौतिहरुले घेरिएको छ। तमाम राष्ट्रिय चूनौतिहरु सँगसँगै विश्वव्यापी चुनौतिहरु जस्तै अन्तराष्ट्रिय व्यापार, बर्डफ्लू, लम्पी स्किन, खोरेत, फल आर्मी वर्म आदि जस्ता माहामारीजन्य रोगहरुले समेत नेपालको कृषि तथा पशुपन्छी क्षेत्रलाई थप दवाव सृजना गरिरहेका छन्। कृषि क्षेत्रले भोगिरहेको चुनौतिहरुको सामनाको लागि स्पष्ट र समग्र योजनाका साथ अगाडि बढ्नु नै अहिलेको निर्विकल्प उपाय हो ।

देशमा संघीयता कार्यान्वयन पश्चात् कृषि क्षेत्रमा सेवा प्रवाह गर्ने संरचनाहरु व्यापक रुपमा फेरवदल भएका छन्। कृषि तथा पशुपन्छी क्षेत्रमा सेवा प्रदान गर्ने प्राविधिक संरचनाहरुलाई विशिष्टीकृत रुपमा विकास गरी किसानको गोठ र खेतवारी सम्म सेवा विस्तार हुनुपर्नेमा संघीयताको कार्यान्वयनको नाममा स्थापित भएका विकेन्द्रीकृत संरचनाहरु समेत भंग गरिएकोले सेवा प्रवाहको दायरा झन् साँघुरिन पुगेको छ। कुनैपनि देशको आर्थिक रुपान्तरणको लागि प्राविधिक जनशक्तिको विकास र परिचालन एउटा महत्वपूर्ण पूर्वशर्त हुन्छ तर हाम्रो वर्तमान परिपेक्षमा राज्य पुनः संरचना गर्दा प्राविधिक जनशक्तिलाई निरुत्साहित गर्ने र प्राविधिक जनशक्तिको पलायनलाई वढावा दिने गरी भइरहेका कार्यहरुले यस कृषि तथा पशुपन्छी क्षेत्रको भविष्यमाथि गम्भीर प्रश्नचिन्ह खडा गरेको छ। यसो गर्दा प्राविधिक जनशक्तिको विदेश पलायनमा तिव्रता आएको छ भने वृत्ती विकासको सम्भावना रोकिएकोले सरकारी सेवामा दक्ष प्राविधिक जनशक्तिको चाहनामा गरावट आएको देखिन्छ।

यसै सन्दर्भमा कृषि तथा पशुपन्छी क्षेत्रको सेवा प्रवाह गर्ने संरचनाको क्षयीकरणकै श्रृङ्खलाको पछिल्लो घटनाको रुपमा आ.व. २०८०/८१ को बजेट वक्तव्य देखिएको छ। संघीयतामा कृषि तथा पशुपन्छी क्षेत्रको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तीनै तहका संरचना तथा कार्यक्षेत्रलाई समयसापेक्ष परिमार्जन गर्नु अहिलेको आवश्यकता हो तर प्रयाप्त गृहकार्य र सम्बन्धित सरोकारवाला निकायहरुसँगको परामर्श बिना अत्यन्तै प्राविधिक र विशिष्ट महत्व रहेका सेवा तथा कार्यालयहरुलाई खारेज गर्ने, गाभ्ने तथा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने जस्ता कृयाकलापहरुप्रति खेद व्यक्त गर्न चाहन्छौं। संघीय सरकारी निकायहरुको संरचनात्मक सुधारका नाममा अपरिपक्व रुपले आ.व. २०८०/८१ को बजेट वक्तव्य मार्फत कार्यालय खारेज, गाभ्ने तथा हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था तत्काल कार्यान्वयन नगर्न तथा विद्यमान कार्यालयहरुको कार्यक्षेत्र र संरचना विस्तृत पुनरावलोकन (O&M) गरेपश्चात मात्र सोही बमोजिम कार्यान्वयन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित सरोकारवाला निकायहरु समक्ष जोडदार माग गर्दछौं।

साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित सरोकारवाला निकायहरुले तत्काल गम्भिरता पुर्वक ७ दिनभित्रमा माथि उल्लेखित समस्याहरुको उचित व्यवस्थापन नगरेमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, संयुक्त ट्रेड युनियन संजाल आन्दोलनका कार्यक्रम घोषणा गरी आन्दोलित हुन बाध्य हुने जानकारी गराउँदछौं।

मितिः २०८०/०४/१६

नेपाल निजामती कर्मचारी संगठन

नेपाल निजामती कर्मचारी युनियन

नेपाल राष्ट्रिय कर्मचारी संगठन

एकीकृत सरकारी कर्मचारी संगठन

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, संयुक्त ट्रेड युनियन संजाल